प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
उच्च शिक्षा महाशाखा
धनगढी – कैलाली , नेपाल

फोन नं : ०९१-५२५२२०
फ्याक्स नं :०९१-५२७१६८
वेवसाइट : mosd.p7.gov.np

२०७४

पत्र संख्याः ०७७/०७८
च.नं. १३३५

मिति :- २०७७/०६/२१

विषयः- विवरण पेश गर्ने सम्बन्धमा ।

श्री सुदूरपश्चिम प्रदेशस्थित
स्नातकोत्तर तह सञ्चालित क्याम्पसहरू सबै ।

चालु आ. व. २०७७/०७८ को यस मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रममा प्रदेशस्थित स्वदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त तथा आंगिक क्याम्पसबाट स्नातकोत्तर तहको अध्ययन पूरा गर्ने सिलसिलामा प्रदेशको आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, शैक्षिक, व्यवस्थापकीय, वैज्ञानिक लगायतका क्षेत्रमा प्रदेशको लागि उपयोगी र सान्दर्भिक विषयबस्तु छनौट गरी शोधकार्य गर्न चाहने विद्यार्थीहरूलाई शोधवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेको व्यहोरा अवगत नै होला ।

प्रदेशको उच्च शिक्षालाई अनुसन्धान केन्द्रित बनाउन र प्रदेशको समग्र विकासको लागि प्रदेशस्थित क्याम्पसबाट उच्च शिक्षाको अध्ययन पूरा गर्ने विद्यार्थीहरूलाई अभिमुखीकृत गराउने ध्येयका साथ सञ्चालन गरिएको यस कार्यक्रमको व्यवस्थापनका लागि मन्त्रालयको मिति २०७७।०८।१८ को निर्णयबाट (माननीय मन्त्रीस्तर) स्वीकृत गरिएको **"शोध तथा अनुसन्धान अनुदान व्यवस्थापन कार्यविधि, २०७७"** यस मन्त्रालयको वेवसाईट mosd.p7.gov.np मा राखिएको छ ।उक्त कार्यविधि अनुसार अनुदान रकम प्राप्त गर्न र कार्यक्रम कार्यान्वयन गर्न हुन अनुरोध छ । साथै कार्यविधिको अनुसूचि -१ बमोजिमको ढाँचामा भरिएको विवरण यहि मिति २०७७ पुष ५ गते कार्यालय समय भित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

२०७७।९।२९

जयदेव महरा
शाखा अधिकृत

शाखा अधिकृत